# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## खार्पुनाथ गाउँपालिका

### हुम्ला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## खार्पुनाथ गाउँपालिका

### हुम्ला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## खार्पुनाथ गाउँपालिका

## हुम्ला

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौँ, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. : ३७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
खार्पुनाथ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
हुम्ला।

**कैफियत सहितको राय**

हामीले खार्पुनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.१ करोड ३८ लाख ८३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ६६ लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३४ लाख ९० हजार, नियमित गर्नुपर्ने रु.१० लाख ५० हजार र पेश्की रु. २७ लाख २२ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.४ करोड ५४ लाख ७६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५ करोड ९३ लाख ५८ हजार रहेको छ। गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# खार्पुनाथ गाउँपालिका, हुम्ला

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| २९ | १३५ | १३८८२ | ० | ० | ० | २९ | १३५ | १३८८२ | ६६२० | १०५० | ३४९० | ० | ० | ४५४० | २७२२ |

### 1.2 प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| **क्र.सं** | **प्रारम्भिक प्रतिवेदनको दफा नं.** | **छोटकरी व्यहोरा** | **रकम रु.** |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| खार्पुनाथ गाउँपालिका हुम्ला | ४५४७६ | ० | ० | ४५४७६ | ० | १३८८२ | ५९३५८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : खार्पुनाथ गाउँपालिका, हुम्ला , खर्पुनाथ गाउँपालिका , हुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बिष्णु शाही | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | जय प्रकाश शाही | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १३,८८१,७७८.३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,९८,२७,०६५.५८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०,८४,८२,३०३ | **चालु खर्च** | २२,४४,७५,५७७.१२ |
| **प्रदेश सरकारबाट अनुदान** | २,६४,६४,१९४ | **पूँजीगत खर्च** | १६,४९,४२,५२९.७५ |
| **राजश्व बाँडफाँट** | ४,६८,२३,३१४.३२ | **वित्तीय/अन्य व्यवस्था** | ३४,८१,७१,२२२.०२ |
| **आन्तरिक आय** | ८,८१,८१० | | |
| **अन्य आय** | ३५,५०,००,६६५.२१ | | |
| **कुल आय** | ७३,७६,५२,२८६.५३ | **कुल खर्च** | ७३,७५,८९,३२८.८९ |
| **बाँकी मौज्दात** | | १,९८,९०,०२३.२२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **एकिकृत आय व्ययः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

**एकिकृत आय-व्यय विवरण**

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| | | | | १ | जम्मा | | ३८९४१८१०६.८७ |
| १ | गत वर्षको जिम्मेवारी | | १९८२७०६५.५८ | क | चालु खर्च | २२४४७५५७७.१२ | |
| | क) धरौटी मौज्दात | ० | | ख | पूँजीगत खर्च | १६४९४२५२९.७५ | |
| | ख) बैँङ्क मौज्दात | १९८२७०६५.५८ | | २ | धरौटी फिर्ता | ३४४९०१२ | ३४४९०१२ |
| २ | राजस्व ( आन्तरिक आय) | | ८८१८१० | ३ | अन्य | | ३४१७७१७१६.०२ |
| | क) आन्तरिक राजस्व | ८८१८१० | | | क) विविध खर्च खाता | १५४९७३६ | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३५५०३८६१७.३२ | | ख)विपत व्यवस्थापन कोष खाता | ३०००१७५ | |
| | क) वित्तिय समानीकरण अनुदान | ६९९०००००० | | | ग)सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश | ६९९९४६० | |
| | ख) सशर्त अनुदान | २०८००४००० | | | घ)मुख्य तथा मन्त्री परिषदको कार्यालय | २८८०१९४२५.०२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | कार्णअली प्रदेश | | | |
| | | | | ग) समपूरक अनुदान | ६९७८३०३ | | | ङ)सामाजिक सुरक्षा भत्ता | ४२२०२९२० | | |
| | | | | घ) विशेष अनुदान | २३६०००००० | | ४ | बैंक मौज्दात | | १०११००८६.०३ | |
| | | | | ङ) राजस्व बाँडफाँड | ४६५५६३१४.३२ | | | क)राजस्व खाता | ८८१८१० | | |
| | | | ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २६७३११९४ | | ख) संचित कोष खाता | ९२२८२७६.०३ | | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | ६४१४००० | | ५ | कोष खाताको मौज्दात | | १४९१४५७.५ | |
| | | | | ख) सशर्त अनुदान | ११५६१००० | | | क)विविध खर्च खाता | १२९९२१४.५ | | |
| | | | | ग) समपुरक अनुदान | ४९८९१९४ | | | ख)विपदव्यवस्थापन कोष खाता | १९२२४३ | | |
| | | | | घ) विशेष अनुदान | ३५००००० | | ६ | धरौट मौज्दात | ८२८८४७९.६९ | ८२८८४७९.६९ | |
| | | | | ङ) राजस्व बाँडफाँड | २६७००० | | ७ | शसर्त अनुदान फर्ता | २९५०४९४ | २९५०४९४ | |
| | | | ५ | अन्य | | ३४३२६३१७३.५२ | | | | | |
| | | | | क)विविध खर्च खाता | २८४८९५०.५ | | | | | | |
| | | | | ख)विपत व्यवस्थापन कोष खाता | ३१९२४१८ | | | | | | |
| | | | | ग)सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश | ६९९९४६० | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | घ)मुख्य तथा मन्त्री परिषदको कार्यालय कार्णअली प्रदेश | २८८०१९४२५.०२ | | | | | | |
| | | | | ङ)सामाजिक सुरक्षा भत्ता | ४२२०२९२० | | | | | | |
| | | | ६ | धरौटी आय | | ११७३७४९१.६९ | | | | | |
| | | | | गत वर्षको जिम्मेवारी | ५६२६४४१.२७ | | | | | | |
| | | | | यो वर्षको प्राप्ती | ६१११०५०.४२ | | | | | | |
| | | | | **जम्मा** | **७५७४७९३५२.११** | **७५७४७९३५२.११** | | **जम्मा** | **७५७४७९३५२.११** | **७५७४७९३५२.११** | |
| २ | | | लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मानदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ।लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | | | | | | | | |
| ३ | | | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, ८७४.६२वर्ग किलोमिटर क्षेत्रफल तथा ६,९४४ जना जनसंख्या रहेको छ। | | | | | | | | |
| ४ | | | **लेखापरीक्षणको क्रममा असुलीः** लेखापरीक्षणबाट औल्याए पछि अग्रीम कर, सामाजिक सुरक्षा भत्ता, संघिय संचित कोष फिर्ता तथा बढी भुक्तानी भएको रकम रु. ८१४९२६०.०० असुल भई बेरुजु खातामा दाखिला भएको छ । | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **वित्तीय विवरण परीक्षणः** | |
| ५.१ | | | **वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन।<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण गाउँपालिकाले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । | |
| ५.२ | | | **सुत्र**(SUTRA)**को प्रयोगः**– स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा लेखा स्थानिय संचित कोष व्यवस्थापन प्रणालीमार्फत राख्नुपर्ने व्यवस्था छ। गाउंपालिकाले खर्च गरेको कुल खर्च मध्ये रु. ३२१२४२०४४.६४ सम्मको स्थानिय संचित कोष व्यवस्थापन प्रणाली मार्फत लेखा राखेको र बांकी रु. २१२३६६४२.२६ को म्यानुअल प्रणालीमा लेखा राखेकोले स्थानिय संचित कोष व्यवस्थापन प्रणालीबाट प्राप्त गर्न सकिने वित्तिय प्रतिवेदन प्रणाली यथार्थपरक र विश्वसनिय हुन सकेको देखिएन। यस तर्फ तत्काल सुधार गरी गाउंपालिकामा हुने सम्पुर्ण आर्थिक कारोवारलाई स्थानिय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA)मार्फत गर्नुपर्दछ । | |
| ५.३ | | | **वार्षिक प्रतिवेदनः**– विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५.४ | | | **खर्च बिश्लेषणः** गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ८,८१,८१०.०० राजस्व बाँडफाँड र अनुदानबाट रु. ७२,५०,३२,९८४.८४ समेत रु. ७२,५९,१४,७९४.८४आम्दानी भएकोमा चालु तर्फ रु.२२,४४.७५,५७७.१२र पूँजिगत तर्फ रु. १६,४९,४२,५२९.७५ समेत रु. ३८,९४,१८,१०६.८७खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.२३ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू.४२,७७,५००.०० खर्च भएको छ जुन आन्तरिक आयको ३८५.०८ प्रतिशत बढी रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ३०.९६ प्रतिशत चालु र २२.७५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.५ | | | **राजस्व बांडफांटः–** अन्तर- सरकारी वित्त व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा ७(२) अनुसार स्थानीय तहले प्राप्त गर्नुपर्ने प्राकृतिक स्रोतको रोयल्टी, दफा ३(२) बमोजिम प्राप्त गर्नुपर्ने घर जग्गा रजिष्ट्रेशन लगायतका बांडफांटबाट प्राप्त हुनुपर्ने रकम गाउंपालिकाले प्राप्त गरेको देखिएन । गाउंपालिकाले प्राप्त गर्नुपर्ने राजस्व बांडफांटको रकम प्राप्त गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्दछ । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | |
| ६.१ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संङ्कलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाइयो।<br>• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख गाउँपालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 बमोजिम खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।<br>• निजामती सेवा ऐन, 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • निजामतीसेवाऐन 2049 कोदफा 7 ख 2 बमोजिमतलविप्रतिवेदनपारितगराएरमात्रतलवभत्ताभुक्तानीगर्नुपर्नेमाकार्यालयलेतलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।<br>• मुल्यअभिवृद्धि कर नियमावली,२०५३ बमोजिम मुल्य अभिवृद्धि कर भुक्तानी भएका फर्मको जानकारी नगराएको ।<br>• भ्रमण अभिलेख खाता म.ले.प.फा.नं.908 तथा भ्रमण प्रतिवेदन म.ले.प.फा.नं.909 प्रयोगमा नल्याएको ।<br>• खरिद इकाई गठन नगरेको तथा खरिद योजना तयार नगरेको।<br>• सार्वजनिक खरिद ऐन,२०६३ बमोजिम पान नम्बर भएका फर्मसँग मात्र कारोवार गर्ने प्रावधान पुर्ण रुपमा लागु नगरेको।<br>• अन्तिम तथा आन्तरीक लेखापरीक्षणबाट देखिएका वेरुजु समयमानै फछ्र्यौट नगरेको ।<br>• अन्तिम लेखापरीक्षणबाट देखिएका वेरुजुको लगत राखी सम्परीक्षण सम्बन्धी कार्य नगरेको । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६.२ | | | **भ्रमण खर्च :** कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छनः<br>• अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु गाउँपालिका वा कार्यालयसँग असम्बन्धित गाँउगाउँपालिमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ७ | | | **बजेट तथा कार्यक्रमः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.१</td><td></td><td></td><td>

**क्षेत्रगत बजेटः**–स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शनको ५.१ मा सामाजिक विकासका शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता सामाजिक विकास तथा पूर्वाधार क्षेत्रमा समानुपातिक रुपमा वजेट व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्न क्षेत्रमा विनियोजन गरी खर्च गरेको छ । प्रत्येक वर्ष स्थीर रुपले प्राथमिकिकरणका क्षेत्र निर्धारण गरी कार्यक्रम र वजेट व्यवस्थापन गरेको छैन। यसवाट सुशासन र आर्थिक विकासका क्षेत्र न्यून बजेट व्यवस्थापन गरीखर्च गरेको छ । बजेट व्यवस्थापनको तालिकागत विवरण देहायमा उल्लेख छ । प्राथमिकिकरणका क्षेत्र निर्धारण गरी बजेट व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

<table>
<tr><th>सि नं.</th><th>क्षेत्र।उप क्षेत्र। मुख्य कार्यक्रम</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४६१२०५००</td><td>४००९६२९९.७२</td><td>१०.५२</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>७९३४९४३२.५८</td><td>६०५०१४४९</td><td>१५.८७</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२४०९१४९३३</td><td>२२१४१०१८१.१</td><td>५८.०७</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन</td><td>१७१७००००</td><td>१३४३३५७८</td><td>३.५३</td></tr>
<tr><td>६</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>५०९०९६५५</td><td>४५८००५३६.८२</td><td>१२.०१</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>४३३३६४५२१</td><td>३८१२४२०४४.६४</td><td>१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७.२</td><td></td><td></td><td>

**पुँजीगत चौमासिक खर्चः**–आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । असार मसान्तमा मात्र ६६.६७ प्रतिशत खर्च भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><th>विवरण</th><th>जम्मा खर्च</th><th>प्रथम चौमासिक</th><th>दोश्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>अषाढमा खर्च</th></tr>
<tr><td>पुँजिगत खर्च</td><td>१५८४५६४४७.५२</td><td>१८०६६००</td><td>२४२७८०४०</td><td>१३२३७१८०७.५२</td><td>१०५६५३७००.७२</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.३ | | | **लक्ष्य प्रगतिः–** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ७.४ | | | **योजना छनौट र कार्यान्वयनः–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८÷७९ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु १ लाख सम्म: ७; रु १ लाख देखि २ लाखसम्म: ३४; रु २ लाखदेखि ५ लाखसम्मका: ५७; रु ५लाख देखि १० लाखसम्मका: ३५; रु १० लाखभन्दा बढीको: २६; जम्मा: १५९<br><br>उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष जम्मा १५९ वटा योजना संचालन गरेकोमा रु.5 लाख भन्दा मुनिका मात्र ९८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| ८ | | | **ऐनको कार्यान्वयनः**<br><br>:<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(7)मा गाउँपालिकाले गाउँसभाबाट स्विकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७8(5)मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्विकृत कार्यक्रम भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट गाउँसभाबाट स्विकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन।गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ। | |

Nested table in ७.४:

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ७ | ३४ | ५७ | ३५ | २६ | १५९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **अनुदान फिर्ताः**<br>**संघिय सरकारको अनुदान फिर्ताः**–आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम (४५) अनुसार संघिय संचित कोषबाट स्थानिय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्वन्धित आर्थिक वर्ष भित्र खर्च नभई बांकी रहेको ससर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्ष भित्र प्रदेश तथा स्थानिय तहले संघीय संचित कोषमाफिर्ता गर्नुपर्ने व्यवस्था छ ।पालिकाले संघिय सरकारवाट हस्तान्त्रित कार्यक्रममा बजेट खर्च गरी मौज्दात रहेको रु. ८११३९.८० संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने रु. | ८१,१३९.८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>
आर्थिक सहायताः<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । साथै सो ऐनले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट, मितव्यिता, प्रभावकारिता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ।व्यक्ति वा संस्थालाई दिइने अनुदान निश्चित मापदण्डमा आधारित हुनुपर्दछ।आर्थिक सहायताका लागिछनौट भएका व्यक्ति वा संस्थालाई दिइने अनुदान खर्चमा प्रभावकारी नियन्त्रणका साथै आर्थिक सहायताको सही सदुपयोग भएको यकिन हुनुपर्दछ।
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानीको विवरण</th><th>भुब्तानी रकम</th></tr>
<tr><td>१</td><td rowspan="2">६४/०७८।११।१५</td><td>नन्दलाला शाही</td><td rowspan="3">बाढि पहिरो पिडित राहत</td><td>२००००</td></tr>
<tr><td>२</td><td>बसन्त कुमार शाही</td><td>३००००</td></tr>
<tr><td>३</td><td>४७/०७८।९।७</td><td>नन्दलाला शाही</td><td>१००००</td></tr>
<tr><td>४</td><td>११२/०७९।३।१२</td><td>रातो टालो प्रडक्शन</td><td>जातीय कथानक चलचित्र निर्माण</td><td>१५००००</td></tr>
<tr><td>५</td><td>११३/०७९।३।१४</td><td>गुम्बा बालविकास</td><td>गुम्बा बालविकास व्यवस्थापन</td><td>१०००००</td></tr>
<tr><td>६</td><td>१२२/०७९।३।१९</td><td>रातो टालो प्रडक्शन</td><td>वडा प्रोफाइल निर्माण</td><td>२०००००</td></tr>
<tr><td>७</td><td>८६/०७९।१।४</td><td>नानी हमाल</td><td>सडक दुर्घटना राहत</td><td>१०००००</td></tr>
<tr><td>८</td><td rowspan="4">८८/०७९।२।११</td><td>अनिल शाही</td><td>एम वि वि एस अध्ययन</td><td>२०००००</td></tr>
<tr><td>९</td><td>दिपा शाही</td><td>फुटबल खेलाडी</td><td>१०००००</td></tr>
<tr><td>१०</td><td>पुसे कामी</td><td>औषधी उपचार</td><td>५००००</td></tr>
<tr><td>११</td><td>दान बहादुर शाही</td><td>औषधी उपचार</td><td>१५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१११००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>
पेश्की व्यवस्थपनः<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार निम्न व्यक्ति, संस्था र उपभोक्ता समितिलाई दिएको म्याद नाघेको पेश्की
</td><td>२,७१२,४००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.२७१२४००.००फछ्यौट हुन बाँकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्नेरु. | |

| क्र. सं. | पेश्की लिनेको नाम | गत वर्षको पेश्की बाँकी | यो वर्षको पेश्की | जम्मा पेश्की | पेश्की लिएको मिति | पेश्की बाँकी मध्ये | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद नाघेको | म्याद ननाघेको |
| १ | **भवानी** माडु निर्माण सेवा | | ४५०००. | ४५०००. | २०७८।९।१३ | ४५०००. | |
| २ | गौरा भवन तथा मष्टा मन्दिर निर्माण उ.स | | १०५०००. | १०५०००. | २०७८।११।१३ | १०५०००. | |
| ३ | धलपुरो मन्दिर निर्माण उ.स. | | ८२०००. | ८२०००. | २०७८।११।३० | ८२०००. | |
| ४ | वामदेव ढल निर्माण उ.स. | | ७००००. | ७००००. | २०७९।१।६ | ७००००. | |
| ५ | महादेव वालविकासको शौचालय फर्निचर निर्मण उ.स. | | १६५०००. | १६५०००. | २०७९।१।६ | १६५०००. | |
| ६ | कृयापुत्री घर निर्माण उ.स | | १२००००. | १२००००. | २०७९।१।२५ | १२००००. | |
| ७ | कैलाश आ.वी मर्मत योजना | १५००००. | | १५००००. | २०७८।४।१ | १५००००. | |
| ८ | दलित वालविकास भवन निर्माण योजना | १५००००. | | १५००००. | २०७८।४।१ | १५००००. | |
| ९ | नवदुर्गा वाल विवकास भवन निर्माण | १६००००. | | १६००००. | २०७८।४।१ | १६००००. | |
| १० | प्युस सामुदायिक भवन निर्माण | २०००००. | | २०००००. | २०७८।४।१ | २०००००. | |
| ११ | बाम्रि बाम्री माडु निर्माण योजना लाली | ७५०००. | | ७५०००. | २०७८।४।१ | ७५०००. | |
| १२ | मोतिराम प्रावी भवन निर्माण | १६००००. | | १६००००. | २०७८।४।१ | १६००००. | |
| १३ | सिता मा.वी | २०००००. | | २०००००. | २०७८।४।१ | २०००००. | |
| १४ | दानवहादुर रावल | ६००००. | | ६००००. | २०७८।४।१ | ६००००. | |
| १५ | हुम्ला मा वि | | | | | ६५०००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भक्ती प्रसाद उपाध्याय | ३२०४००. | | ३२०४००. | २०७८।४।१ | ३२०४००. | | |
| | | | | **जम्मा** | **२११५०००.** | **५८७०००.** | **२७१२४००.** | | **२७१२४००.** | | |
| १२ | | | **खरिद व्यवस्थापनः**<br>**बार्षिक खरिद योजना/गुरुयोजना**:– सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ६४९४२५२९.७५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ।तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ। | | | | | | | | |
| १३ | | | **आन्तरिक आयः** | | | | | | | | |
| १३.१ | | | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २००००००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. ८८१८१०.०० अर्थात अनुमान भन्दा ५५.९ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | | | | | | | | |
| १३.२ | | | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | | | | | | | | |
| १४ | | | **पदाधिकारी सुविधाः** | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १४.१ | | | **एउटामात्र सुविधा पाउनेः**– प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा ८ अनुसार सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित वा मनोनयन भएमा निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र पाउने व्यवस्था छ । साथै पदाधिकारीहरुबाट यस प्रकारको प्रकारको सुविधा लिए नलिएको स्वघोषणा समेत संलग्न गरेको पाईएन । | |
| १४.२ | | | स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीहरूलाई मासिक सुविधा वापत यस आ व को श्रावण देखी बैशाख सम्मको रु. ३५२६०००.०० तथा जेष्ठ देखि आषाढ सम्मको रु. ७५१५००.०० गरी जम्मा रु. ४२,७७,५००.०० खर्च लेखेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **विल भरपाईः**<br>**विल भरपाईः**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिकावाट निम्नानुसारको भुक्तानी खर्च पुष्ट्याईको लागि आवस्यक प्रमाण संलग्न नगरी भुक्तानी खर्च लेखेको देखिएकोले आवस्यक प्रमाण पेश हुनुपर्ने अन्यथा देहायअनुसार खर्च पुष्टि नभएको रकम असुल हुनुपर्ने देखिएको रु. | ५२९,१६३.५ |

| गो भौ र मिति | भुक्तानी विवरण | भुक्तानी लिने | भुक्तानी रकम | विल भरपाई नपुग भएको |
|---|---|---|---|---|
| १००।०७९।३।१७ | ल्यापटप, मेशिनरी औजार, सि.सी.टी.भी खरिद | टेक वेड इन्टरप्राइजेज | ७९९४४५. | ८१४९९.५ |
| ९५।०७९।३।१२ | कार्यालयको घेरावार गत वर्षको भुक्तानी | | १९५६६४. | १९५६६४. |
| १२।०७८।८।१४ | पोषण कार्यक्रम | | २९००० | २९००० |
| ८३।०७९।३।२० | | रुद्र विर शाही | ५४००० | ५४००० |
| ८३।०७९।३।२० | | कासीराम जेठारा | ६०००० | ६०००० |
| ८७/०७९।१।७ | विविध | बोक्च्यागौडा होटेल | ८१००० | ८१००० |
| ९५/०७९।२।२० | भ्रमण खर्च | मनोज शाही | २८००० | २८००० |
| | **जम्मा** | | | **५२९१६४** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **प्रशाशनिक खर्चः** | |
| १६.१ | | | **भुक्तानीः**– आर्थिक कार्यविधी ऐन, २०६४ को नियम ७६(4)मा माल सामान खरिद सम्बन्धी पेश्की दिनुपरेमा साधारणतया कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखलाई पेस्की दिन नहुने उल्लेख छ। यस गाउँपालिकाले सञ्चालन गरेका विभिन्न कार्यक्रममा सम्बन्धित पार्टीलाई सोझैं भुक्तानी नदिई कार्यालय प्रमुख र लेखा प्रमुखको खातामा जम्मा गरी निजहरुको खाताबाट सम्बन्धित पार्टीलाई दिने गरेको देखियो । यसरी सम्बन्धित पार्टीलाई सोझै भुक्तानी नगरी कार्यालय प्रमुख र लेखा प्रमुखको को खातामा रकम जम्मा गर्ने कार्य नियम विपरित देखियो । कार्यक्रम सञ्चालन भइसकेपछि सोझै सम्बन्धित पार्टीको खातामा रकम जम्मा गर्ने तर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>विमाः– यस वर्ष गाउंपालिकाले गाउंपालिका भरिका जनसंख्याहरुको स्वास्थ्य विमा गरी रु.४४,०९,२५०.०० खर्च गरेको देखियो । गाउंपालिकाले लाभग्राहीहरुको विना योगदान सत् प्रतिशत खर्च लेखेको देखियो । यस्ता वितरणमुखी खर्चमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.३</td><td></td><td></td><td>दैनिकभ्रमणभत्ताः– कर्णाली प्रदेश सभाद्वारा बनेको कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७७ अनुसार पदाधिकारी तथा सदस्यले आफ्नो जिल्ला बाहिर भ्रमण गर्दा मात्र भ्रमण भत्ता पाउनेछ भन्ने उल्लेख छ । यस पालिकाका देहाएका पदाधिकारी तथा सदस्यहरुले जिल्लाभित्रको भ्रमणमा दैनिक भ्रमण भत्ता लिएको देखियो । नियममा व्यवस्था भएअनुसार नमिल्ने भत्ता असुल गरी दाखिला हुनुपर्ने रकम रु.
<table>
<tr><th>सि.नं.</th><th>भौ. नं. /मिति</th><th>भ्रमण भत्ता बुझ्ने पदाधिकारीको नाम</th><th>पद</th><th>भ्रमण गरेको स्थान</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>७६/०७८।१२।०९</td><td>कर्ण बहादुर रावल</td><td>गाउँपालिका अध्यक्ष</td><td>सिमकोट तथा गाउँपालिकाभित्र</td><td>१५००००</td></tr>
<tr><td>२</td><td></td><td>रुपा शाही</td><td>गाउँपालिका उपाध्यक्ष</td><td></td><td>१३००००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td>२८००००</td></tr>
</table></td><td>२८०,०००</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>चालु खर्चः</td><td></td></tr>
